नेपाल सरकार
# अर्थ मन्त्रालय

पत्र संख्याः- २०७७/७८
च. नं.:- ४

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०७७/४/१

विषयः खरीद सम्झौताको म्याद थप गर्ने सम्वन्धमा ।

श्री सवै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय,

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/३/२९ को खरीद सम्झौताको म्याद थप गर्ने सम्वन्धी निर्णय यसैसाथ संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

२०७७/४/१

(पार्वती न्यौपाने)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np

श्री स.स. (बजेट) : परिपत्र हुन
श्री सचिवालय : अभिलेख

नेपाल सरकार
अर्थ मन्त्रालय

विषयः खरीद सम्झौताको म्याद थप गर्ने सम्वन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीज्यूबाट स्वीकृति प्राप्त मिति २०७७/०३/२९

१. **विषयको संक्षिप्त व्यहोराः**

कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न नेपाल सरकारले मुलुकभर मिति २०७६/१२/११ देखि लकडाउन घोषणा गरेको र सो लकडाउन अवधिमा सबै आर्थिक क्रियाकलाप प्रभावित भएको अवस्थामा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/१२/१६ को निर्णय वमोजिम कोरोना भाइरसको संक्रमणको नियन्त्रणका लागि नेपाल सरकारले लकडाउन गर्ने निर्णय हुन अगाडि सार्वजनिक खरीद ऐन बमोजिम भएको सार्वजनिक खरीद सम्झौताको म्याद थप गर्न माग गरेमा एक महिना म्याद थप गर्ने व्यवस्था गरिएको। यसरी म्याद थप गर्दा २०७६ चैत महिनामा बैंक ग्यारेन्टीको म्याद समाप्त हुने अवस्था भएकोमा बैंक ग्यारेन्टी जारी गर्ने बैंकले बिना दस्तुर लकडाउन खुलेको मितिले एक महिनासम्म मान्य हुने गरी म्याद थप गर्ने सम्वन्धी बिषयमा निर्णय भएको छ। साविकमा सञ्चालित निर्माण लगायतका खरीद सम्बन्धी कतिपय ठेक्का सम्झौता बमोजिमका कार्य निर्धारित म्याद भित्र सम्पन्न हुने अवस्था छैन। सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२० मा खरीद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था रहेकोले सम्झौता भइसकेका आयोजना र लकडाउन पश्चात पनि सम्झौता भई कार्य सम्झौता अनुसार सम्पन्न गर्न नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी म्याद थप गर्ने नीतिगत निर्णय गर्न आवश्यक भएको छ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः**

सार्वजनिक खरीद अनुगमन कार्यालयवाट साविकमा सञ्चालित निर्माण लगायतका अन्य खरीद सम्बन्धी ठेक्का सम्झौता बमोजिमका कार्य निर्धारित म्याद भित्र सम्पन्न हुने अवस्था नभएमा नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी ४ देखि ६ महिना म्याद थप गर्न उपयुक्त हुने राय प्राप्त भएको। उक्त पत्र संलग्न छ।

३. **प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिशः**

कोभिड-१९ संक्रमण, जोखिम, न्यूनीकरणका लागि मुलुकभर लकडाउन घोषणा गरिएकोले आर्थिक क्रियाकलाप प्रभावित हुँदा साविकमा सञ्चालित निर्माण लगायतका खरीद सम्बन्धी ठेक्का सम्झौता बमोजिमका कार्य निर्धारित म्याद भित्र सम्पन्न हुन नसकेका खरीद सम्झौताको नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी खरीदकर्ताले निवेदन गरेमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले सम्झौतामा उल्लेखित म्यादका अतिरिक्त बढीमा ६ महिना सम्म म्याद थप गर्ने नीतिगत निर्णयको स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीज्यूबाट मिति

सचिव

नेपाल सरकार
अर्थ मन्त्रालय

२०७७/०३/२९ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४को अनुसूची-१ को विषय संख्या १६ बमोजिम यो प्रस्ताव पेश गरेको छु।

४. निर्णय हुनुपर्ने व्यहोराः

नेपाल सरकारवाट घोषणा भएको लकडाउन अवधिभरमा खरीद सम्झौता भएका तथा उक्त अवधि भित्र सम्झौताको म्याद समाप्त भएका तर सम्झौता बमोजिम कार्य सम्पन्न हुन नसकेको अवस्थामा सम्वन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको निवेदनको आधारमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले नेपाल सरकारलाई थप लागत नपर्ने एवं म्याद थप गरे बापत अन्य कुनै दावी गर्न नपाउने गरी सम्झौता/करार गराई आर्थिक दायित्व नपर्ने गरी साविकको खरीद सम्झौतामा सम्वन्धित पदाधिकारीले बढीमा ६ महिना म्याद थप गर्न स्वीकृत दिने।

मिति : २०७७/०३/२९

(शिशिर कुमार ढुंङ्गाना)
सचिव

श्री सचिव,
अर्थ मन्त्रालय ।

खरीद सम्झौताको म्याद थप गर्ने विषयको अर्थ मन्त्रालयको मिति २०७७/३/२९ को प्रस्ताव मं.प.बै.सं. २१/०७७ मिति २०७७/३/२९ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु—

नेपाल सरकारको निर्णय —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७७/३/२९